पञ्चदेवल विनायक नगरपालिकाको नगरसभाको १६औं अधिवेशनको दोस्रो बैठकमा २०८३ साल असार २९ गते सोमबारका दिन नगर उप-प्रमुख श्री हर्क बहादुर रावलले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

पञ्चदेवल विनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८३

www.panchadewalbinayakmun.gov.np

**नगरसभाका आदरणिय अध्यक्षज्यू र नगरसभाका सदस्यहरु,**

१. यस पञ्चदेवल विनायक नगरपालिकाको गरिमामय नगरसभाको १६औं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित हुँदा गौरवको अनुभूति गरेको छु । यहाँहरु सबैलाई सम्मानित सभामा हार्दिक स्वागत गर्दछु।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र सबै राजनीतिक परिवर्तन, सामाजिक न्याय र सुशासनका लागि लोकतान्त्रिक आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै ऐतिहासिक राजनैतिक परिवर्तन र सामाजिक परिवर्तनका सबै आन्दोलनहरुको नेतृत्व गर्ने अग्रज नेताहरुप्रति उच्च सम्मानसहित हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

३. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या, आर्थिक चुनौतीहरु र हाम्रो नगरपालिकामा समेत पर्ने प्रभावहरुलाई सम्बोधन हुने गरी आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेको छु । आम नगरवासी जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत र पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउनेतर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. आगामी बजेट नगरवासी जनताको समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न नै लक्षित हुनेछ । बेरोजगार युवाहरुलाई नगरपालिकाभित्रै लघु उद्यमका सिप विकासमार्फत आर्थिक गतिविधिमा आबद्ध हुन प्रेरित गर्ने, उद्यमशिलता विकास गरी गरिबी न्यूनिकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने तथा स्रोत र साधनको प्रभावकारी एवं परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

५. बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्यका सूचकहरु, तीनै तहका सरकारका साझा अधिकारहरु, एकल अधिकारहरु, स्थानीय सरकारको वार्षिक नीति तथा कार्यक्रम र विषयगत समितिहरु लगायत कार्यपालिकाबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । यसैगरी संघ र प्रदेशबाट प्राप्त मार्गदर्शन, स्थानीय राजनीतिक दल, संघ-संस्था, आम नागरिक, निजी क्षेत्र, सञ्चार जगत् लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा स्थानीय जनअपेक्षालाई सम्बोधन गर्नेगरी नगरवासीहरुमा आशा र भरोसा जगाउने विश्वास लिएको छु । यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, विकास साझेदार संघ-संस्था, निजी क्षेत्र, सञ्चार जगत र आम नगरवासी नागरिकहरुको सहयोग र ऐक्यबद्धताबाट बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

**सभा अध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- चालु आर्थिक वर्षमा कुल विनियोजित बजेट रु. ५९ करोड ५८ लाख ७९ हजार ९ सय १० रुपैँया ४६ पैसा अर्थात कुल विनियोजनको ८१.४२ प्रतिशत खर्च भएको छ । कूल बजेट खर्च मध्ये चालु खर्च रु. ३८ करोड ३९ लाख ८५ हजार २ सय ३४ रुपैँया १४ पैसा अर्थात विनियोजनको ८५.८६ प्रतिशत र पुँजिगत खर्च रु. १० करोड १४ लाख ७७ हजार ३ सय ६९ रुपैँया अर्थात विनियोजनको ६८.१३ प्रतिशत खर्च भएको छ ।

- अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सामाजिक सुरक्षामा रु. १२ करोड २३ लाख ६५ हजार १ सय ३५, एकीकृत स्वास्थ्य पूर्वाधार - १० शैया अस्पतालको भवन निर्माणमा रु. २ करोड ३३ लाख ९४ हजार ८ सय ७१ र गरिब घरपरिवार पहिचान तथा राज्यसुविधा परिचय-पत्र वितरण कार्यक्रमको तथ्याङ्क संकलनमा रु. ३ लाख ८५ हजार ३ सय ५० गरी जम्मा रु. १४ करोड ६१ लाख ४५ हजार ३ सय ५६ रुपैँया खर्च भएको छ ।

- नगरपालिका सुशासनको प्रत्याभुति गर्न अग्रसर रहेको छ । आ.व. २०७९/०८० मा ०.५४ प्रतिशत, आ.व. २०८०/०८१ मा ०.२७ प्रतिशत र आ.व. २०८१/०८२ मा ०.१९ प्रतिशत बेरुजु कायम गरी लगातार ३ वर्ष बेरुजु शून्यमा झार्न सफल भएका छौं ।

- चालु आर्थिक वर्षमा राजश्व संकलन रु. १ करोड ३५ लाख ९१ हजार १ सय ५० हुने संसोधित अनुमान रहेकोमा रु. ८० लाख संकलनको अनुमान रहेको छ । यो लक्ष्यको ५८.८६ प्रतिशतले संकलन हुने अनुमान हो । खासगरी राजश्व संकलनका लागि आवश्यक कानूनी जटिलता, नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा जनशक्तिको अभाव तथा करदाताहरुमा कर तिर्ने बानीको विकास हुन नसक्नु लगायतका विविध कारणले राजश्व संकलन कमजोर रहन गएको छ ।

**सभा अध्यक्षज्यू,**

नगरपालिकाको बजेट प्रणालीमा देखिएका अवसर र चुनौती संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- संघीय व्यवस्थामा रहेका संरचनागत तथा केही नीतिगत कारणबाट नगरपालिकाको वित्तीय समानीकरण बजेट कटौती भई कुल विनियोजनको ९१ प्रतिशत, राजश्व बाँडफाँट ९५ प्रतिशत निकासा र आन्तरिक स्रोतमा ५८ प्रतिशत मात्र राजश्व संकलन भएकोले बजेट कार्यक्रमको कार्यान्वयनमा समस्या देखिएको साथै सशर्त अनुदान बजेट समेत घटेर आएको छ ।

- वित्तीय समानीकरण अनुदान वृद्धि नहुँदा नगरपालिकाले लिएको विकास निर्माणको गति अर्थात पुँजिगत खर्च बढाउन सकिएको छैन । तसर्थ, यस पटक आयोजनाको पूर्व तयारी र प्राथमिकिकरण गरी बजेट विनियोजन गर्ने प्रयास गरिएको छ ।

- चालु आर्थिक वर्षमा पनि राजश्व संकलन लक्ष्य भन्दा कम नै छ । राजश्व प्रणालीमा व्यापक सुधार, चुहावट नियन्त्रण र करको दायरा केही विस्तार गरी राजश्व परिचालन वृद्धि गर्नु पर्नेतर्फ अझैं निकै काम गर्नुपर्ने देखिन्छ ।

- दक्ष र पर्याप्त कर्मचारीको पुर्ति गरी सार्वजनिक प्रशासनलाई नतिजामुखि बनाउन, पुँजिगत खर्च प्रतिशत बढाउन, गुणस्तरिय आयोजना निर्माण गर्न र योजनाहरुको कार्यसम्पादन व्यवस्थित गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

- कर्णाली नदीमा रहेको ढुङ्गा, गिट्टी र बालुवा उत्खननका लागि विगतमा गरेको IEE को रिपोर्टको अवधि समाप्त भएकोले आ.व. २०८३/८४ का लागि पुनः IEE गर्नुपर्ने देखिन्छ ।

- चालु खर्चलाई वाञ्छित सिमा भित्र राख्ने र दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यकासाथ बजेटमा सुधारको प्रस्ताव गरेको छु । यसबाट सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धिमुलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौती र अवसरलाई ध्यानमा राखी नगरपालिकामा रोजगारीका अवसरहरु सिर्जना गर्ने, आर्थिक उत्पादन र सामाजिक पूर्वाधार निर्माण गरी नगरपालिकाको समग्र विकासको आधार तयार गर्नेतर्फ बजेट विनियोजनलाई विशेष जोड दिएको छु ।

**आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः–**

क. स्थानीय पूर्वाधारको विकास गर्ने,
ख. गुणस्तरिय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने,
ग. रोजगारीका अवसरहरु सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
घ. चालु खर्चमा मितव्ययिता कायम गर्ने र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धी गर्ने ।

**बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छनः–**

क. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
ख. गुणस्तरीय स्वास्थ्य र शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
ग. मानव संशाधन विकास र रोजगारी सिर्जना,
घ. कृषि, पशु र लघु उद्यम क्षेत्रको विकास गर्ने,
ङ. शुद्ध खानेपानीको पहुँच वृद्धि गर्ने र
च. वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन गर्ने ।

**सभा अध्यक्ष महोदय,**

अब म पञ्चदेवल विनायक नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को आय व्यय विवरण र बजेट विनियोजन प्रस्तुत गर्न गइरहेको छु ।

## आ.व. २०८३/८४ को आय व्यय विवरण

| आम्दानीतर्फ | | | | खर्चतर्फ | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **आयका शिर्षकहरु** | **बजेट रु.** | | **खर्चका शिर्षकहरु** | **बजेट रु.** | |
| १. | संघीय सरकार - वित्तिय समानिकरण अनुदान | ९६८०० | रु. ९ करोड ६८ लाख | संघीय सरकार - सशर्त अनुदान (चालु) | २६०२०० | रु. २६ करोड २ लाख |
| २. | संघीय सरकार - सशर्त अनुदान (चालु) | २६०२०० | रु. २६ करोड २ लाख | कार्यालय चालु खर्च | १००००० | रु. १० करोड |
| ३. | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | ६००० | रु. ६० लाख | नगरपालिका कार्यक्रम खर्च | १०००० | रु. १ करोड |
| ४. | संघीय सरकार - विशेष अनुदान | १०००० | रु. १ करोड | समपुरक साझेदारी थप | ४७०० | रु. ४७ लाख |
| ५. | संघीय सरकार - समपुरक अनुदान पुँजिगत | १०५०० | रु. १ करोड ५ लाख | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | ६००० | रु. ६० लाख |
| ६. | संघीय सरकार - राजश्व बाँडफाँड | १०६५९६ | रु. १० करोड ६५ लाख ९६ हजार | संघीय सरकार - विशेष अनुदान | रु. १०००० | रु. १ करोड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | प्रदेश सरकार - वित्तिय समानिकरण | ८६९९ | रु. ८६ लाख ९९ हजार | संघीय सरकार - समपुरक अनुदान पुँजिगत | १०५०० | रु. १ करोड ५ लाख |
| ८. | प्रदेश सरकार - राजश्व बाँडफाँड | ५०९१ | रु. ५० लाख ९१ हजार | प्रदेश सरकार-विशेष अनुदान चालु | रु. ५६०० | रु. ५६ लाख |
| ९. | प्रदेश सरकार - विशेष अनुदान चालु | ५६०० | रु. ५६ लाख | प्रदेश सरकार - विशेष अनुदान पुँजिगत | रु. २०५० | रु. २० लाख ५० हजार |
| १०. | प्रदेश सरकार - विशेष अनुदान पुँजिगत | २०५० | रु. २० लाख ५० हजार | प्रदेश सरकार - समपुरक अनुदान | रु. १२८५१ | रु. १ करोड २८ लाख ५१ हजार |
| ११. | प्रदेश सरकार - समपुरक अनुदान | १२८५१ | रु. १ करोड २८ लाख ५१ हजार | प्रदेश सरकार - सशर्त अनुदान (पुँजिगत) | रु. २८४०० | रु. २ करोड ८४ लाख |
| १२. | प्रदेश सरकार - सशर्त अनुदान (पुँजिगत) | २८४०० | रु. २ करोड ८४ लाख | नगरपालिका विषयगत शाखातर्फ | ५९५०१ | रु. ५ करोड ९५ लाख १ हजार |
| १३. | नगरपालिकाको आ.व. २०८३/८४ को आन्तरिक आय (अनुमानित) | २५००० | रु. २ करोड ५० लाख | वडा कार्यालयतर्फ | ३२९८५ | रु. ३ करोड २९ लाख ८५ हजार |
| १४. | बैंक मौज्दात | २५००० | रु. २ करोड ५० लाख | कार्यालय पुँजिगत खर्च | ६०००० | रु. ६ करोड |
| १५. | सामाजिक सुरक्षा तथा संरक्षण | १२७२६७ | रु. १२ करोड ७२ लाख ६७ हजार | सामाजिक सुरक्षा तथा संरक्षण | १२७२६७ | रु. १२ करोड ७२ लाख ६७ हजार |
| **जम्मा** | | **७३००५४** | **रु. ७३ करोड ५४ हजार** | **जम्मा** | **७३००५४** | **रु. ७३ करोड ५४ हजार** |

## आ.व. २०८३/८४ को बजेट विनियोजन

**१. आर्थिक विकासतर्फ:**

- उत्पादनमा आधारित कृषि कार्यक्रम, कृषकलाई न्यूनतम अनुदानमा मौसम अनुसारका उन्नत अन्न बाली, तरकारी बाली र फलफूलका बिरुवा साथै विषादी व्यवस्थापन गरी कृषकको घरमा कृषि प्राविधिक कार्यक्रम सञ्चालन गर्न रु. २८ लाख बजेट विनियोजन गरेको छ ।
- पशुजन्य महामारी रोग नियन्त्रण गर्न, पशु आहार व्यवस्थापन, उन्नत जातका पशु नश्ल सुधार कार्यक्रम र भैंसी तथा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी नगरवासीलाई पशुपालन व्यवसायमा आकर्षित गर्न अनुदानमा आधारित रु. २७ लाख बजेट विनियोजन गरेको छ ।
- रोजगारी प्रवर्द्धन कार्यक्रमका लागि युवाहरुलाई स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारीमा संलग्न गराउन रोजगारी सिर्जना, सीप तथा उद्यमशीलता प्रवर्धनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छ ।
- पिछडिएको समुदाय तथा महिलाहरुको जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न रु. ९ लाख विनियोजन गरेको छ ।

## २. सामाजिक विकासतर्फः

- सबै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षण सिकाइ सुधार कार्यक्रम सञ्चालन अनुदान वृद्धि, विद्यालयहरुमा आवश्यक फर्निचर व्यवस्थापन गर्न, खेलकूद कार्यक्रमहरु सञ्चालन गर्न, स्थानीय पाठ्यपुस्तक निर्माण लगायत कक्षा ८ को परीक्षा सञ्चालन गर्नका लागि रु. ४ करोड १८ लाख ६१ हजार विनियोजन गरेको छु ।

- विद्यालयहरुमा बालबालिकाहरुको पोषण सुधार गर्नका लागि स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम अन्तर्गत रु. १ करोड ६६ लाख २६ हजार बजेट विनियोजन गरेको छु ।

- शैक्षिक सुशासन प्रवर्द्धनका लागि विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन तथा नगर शिक्षा योजना कार्यान्वयन गर्न रु. ५९ लाख ३६ हजार बजेट विनियोजन गरेको छु ।

- विपद्का समयमा सिकाइ निरन्तरताका लागि आपुरण तथा द्रुत सिकाइ योजना REAL Plan कार्यान्वयन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

- कक्षा १ देखि १२ सम्म अध्ययनरत बिपन्न छात्रा, दलित विद्यार्थी र अपाङ्ग विद्यार्थीहरुको छात्रवृत्तिका लागि रु. ३८ लाख ५१ हजार बजेट विनियोजन गरेको छु ।

- नगरभित्रका सबै सामुदायिक विद्यालयहरुको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण गरी एकीकृत प्रतिवेदन तयार गर्न रु. १८ लाख विनियोजन गरेको छु ।

- विद्यालयमा अध्ययनरत छात्राहरुको सुरक्षित महिनावारी व्यवस्थित गर्न र नियमित अध्ययन सहज बनाउन गुणस्तरिय स्यानिटरी प्याड व्यवस्थापनका लागि रु. १४ लाख ८१ हजार बजेट विनियोजन गरेको छु ।

- "समयमै भर्ना समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान" भन्ने नारालाई आत्मसाथ गर्दै सहज रुपमा सबै विद्यालयहरुमा समयमै पाठ्यपुस्तक उपलब्ध गराउन रु. ५० लाख ३३ हजार बजेट विनियोजन गरेको छु ।

- सबै स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि निःशुल्क रुपमा नगरपालिकाबाट प्रदान गरिंदै आएका ९८ प्रकारका औषधिहरुको आपुर्तिका लागि रु. ३१ लाख ७२ हजार बजेट विनियोजन गरेको छु ।

- महिलाहरुको पाठेघरको क्यान्सर रोगको जोखिम न्यूनिकरणका लागि प्रदान गरिने एच.पी.भी. खोप सञ्चालन तथा पूर्ण खोप पालिका सुनिश्चितताका लागि रु. ४ लाख ३४ हजार बजेट विनियोजन गरेको छु ।

- परिवार योजना सेवा, महिलाहरुको प्रजनन् रुग्णता स्वास्थ्य सेवा र किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालनका लागि रु. १ लाख ९२ हजार बजेट विनियोजन गरेको छु ।

- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम अन्तर्गत रु. ३५ लाख ९४ हजार बजेट विनियोजन गरेको छ ।

- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका पोशाक प्रोत्साहन, यातायात खर्च र प्रोत्साहन भत्ताका लागि रु. ४० लाख ४७ हजार बजेट विनियोजन गरेको छ ।

- मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका क्यान्सर रोगीहरु, मेरुदण्ड पक्षघातका बिरामीहरुलाई मासिक रु. ५ हजारका दरले औषधि उपचार खर्च उपलब्ध गराउन रु. १२ लाख ४० हजार बजेट विनियोजन गरेको छ ।

- क्षयरोग तथा कुष्ठरोग उपचार व्यवस्थापन, स्वास्थ्य चौकीको न्यूनतम सेवा गुणस्तर सुधार तथा स्वास्थ्य संस्थाबाट दिने सम्पूर्ण उपचारात्मक सेवाका साथै बालरोग उपचार व्यवस्थापन र एकीकृत स्वास्थ्य शिविर सञ्चालनका लागि रु. १२ लाख ८८ हजार बजेट विनियोजन गरेको छ ।

- स्वास्थ्य सेवा सुधार तथा सुनौला एक हजार दिनका आमा, बालबालिका र किशोरीहरुको पोषण सुधार सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि रु. २५ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

- आर्थिक रुपमा कमजोर, बिपन्न, गरीब र जटिल प्रकृतिका बिरामीहरुको उपचार खर्च स्वरुप राहत प्रदान गर्न रु. ३० लाख बजेट विनियोजन गरेको छ ।

- बालविवाह, बहुविवाह, बालश्रम, महिला हिंसा, लैंगिक विभेद, जातिय छुवाछुत र छाउपडी कुप्रथा जस्ता सामाजिक विकृतीहरु न्युनिकरण गरी लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई बलियो बनाउनका लागि विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न, 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरुको उपचार खर्च लगायत ज्येष्ठ नागरिक सुरक्षा कार्यक्रमहरु सञ्चालनका लागि रु. ३८ लाख विनियोजन गरेको छ ।

- सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालनका लागि रु. १२ करोड ७२ लाख ६७ हजार बजेट विनियोजन गरेको छ ।

- सुनौला एक हजार दिनका आमा, बालबालिका र किशोरीहरुको पोषण सुधार सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रममार्फत रु. ३५ लाख २० हजार बजेट विनियोजन गरेको छ ।

- स्थानीय मेला, पर्व, कला, संस्कृति संरक्षणका लागि रु. १० लाख बजेट विनियोजन गरेको छ ।

- विभिन्न संघ-संस्थाहरुमार्फत एक घर, एक धारा र च्याङ जुठ्यान सहित बहुउपयोगि खानेपानी निर्माणका लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छ ।

## ३. पूर्वाधार विकासतर्फः

- नगरको गौरवको आयोजना अन्तर्गत १० शैयाको नगर अस्पताल निर्माणको काम पूर्णरुपमा सम्पन्न गरी सञ्चालनका लागि रु. २ करोड बजेट विनियोजन गरेको छु ।
- नगर नमुना मा.वि.को स्वीकृत गुरुयोजना अनुसार साझेदारीमा श्री भवानी देवी माध्यमिक विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक व्यवस्थापन गर्न रु. १ करोड २५ लाख विनियोजन गरेको छु ।
- जनसङ्ख्या, भौगोलिक विकटता, राजश्व संकलन लगायतका विषयलाई आधार बनाउँदै १ देखि ९ वटै वडाहरुको पुँजिगत खर्चका लागि रु. ३ करोड २४ लाख ४५ हजार बजेट विनियोजन गरेको छु र सबै वडा कार्यालयहरुको प्रशासनिक चालु खर्चतर्फ प्रति वडा रु. ३ लाखका दरले रु. २७ लाख बजेट विनियोजन गरेको छु ।
- विनायक तोली सडक, राकम पक्की पुल देखि लयाँटी जिरो पोइन्टसम्मको सडक, गनिउले कोसेडी सडक, मध्यपहाडी ४ नं. वडा कार्यालय सडक, तामकोट भाटगाउँ सडक लगायत अन्य ग्रामिण तथा कृषि सडकहरु निर्माणका लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु ।
- नगरभित्रका वडा कार्यालयसम्म वर्षैभरी नियमित सडक सञ्चालन गर्न सडक स्तरोन्नतीका लागि रु. ९० लाख बजेट विनियोजन गरेको छु ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः

- नगरपालिकामा सम्भावित विपद् जोखिम न्यूनिकरणका लागि तत्काल राहत, उद्धार र पुनर्स्थापना गर्नका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

## ५. सेवा प्रवाह र सुशासन तथा संस्थागत विकासतर्फः

- नगरपालिकाको सेवा प्रवाह, सुशासन, संस्थागत विकास र क्षमता विकास लगायत प्रशासनिक खर्चतर्फ रु. १० करोड ३४ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र सूचना प्रविधिमैत्री बनाई सरल र सहज रुपमा सेवा प्रदान गर्न कार्यालयको भौतिक तथा संस्थागत सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

अन्तमा, बजेट तर्जुमाको क्रममा यस नगर सभाको बैठक समक्ष पेस गरेका उद्देश्य र प्राथमिकताहरुमा गहन छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा सबै नगरसभा सदस्यहरुप्रती हार्दिक आभार व्यक्त गर्दछु । साथै बजेट निर्माणका क्रममा आवश्यक सुझाव प्रदान गर्ने राजनीतिक दल, समाजसेवी, राष्ट्रसेवक कर्मचारी तथा आम नगरवासीप्रती हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

**हाम्रो रहर : सुन्दर, सभ्य र समृद्ध नगर** भन्ने हाम्रो नगरको नारालाई साकार रुप दिनका साथै आर्थिक तथा सामाजिक विकास मार्फत समुन्नत नगर निर्माण गर्ने उद्देश्यका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै राजनीतिक दल, उद्योगी व्यापारी, समाजसेवी, बुद्धिजीवी, युवा, विद्यार्थी तथा सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुको साथ सहयोग र सहभागिताको लागि हार्दिक अपेक्षा राख्दै प्रस्तुत आगामी आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम पारितका लागि यस सम्मानित नगरसभामा पेस गर्दछु ।

**धन्यवाद । नमस्कार ।।**